HS/XI/A. Sc. Com/N/20

2020

NEPALI

(Modern Indian Language)

Full Marks :100

Time : 3 hours

The figures in the margin indicate full marks for the questions

General Instructions:

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part–A Objective Questions serially.

(iii) Attempt all parts of a question together at one place.

(PART : A–OBJECTIVE)

(*Marks* : 50)

SECTION–I

(*Marks* : 20)

1. तल दिइएका प्रश्नहरूका बहुविकल्पी उत्तरमध्ये सही उत्तर छानेर लेख : 1 x 10 = 10

(क) 'त्यो आभूषण ता वसन्त ऋतुले पैल्याइ झल्काउँछ' माथिको पङ्क्तिमा 'आभूषण' को अर्थ के हो ?

(i) पानी

(ii) गहना

(iii) पर्वत

(iv) खेत

(ख) मणिसिंह थापाको तलकामध्ये कुन कविता हो ?

(i) हामी बहादुर

(ii) शिलाङ

(iii) विद्यार्थीसित

(iv) नवयुवक

(ग) चढ् चढ् सेर्पा ! पर्वत बने चढ्का नै चुनौती !
माथिको पङ्क्तिमा 'सेर्पा' भेनर कसलाई भनिएको छ ?

(i) तेन्जिङ सेर्पा

(ii) पेम्पा सेर्पा

(iii) आङ्मा सेर्पा

(iv) डुकपा सेर्पा

(घ) ''दशैं-तिहारमा सेलरोटी खानु हाम्रो'' —— हो।'' तलका विकल्पबाट सही शब्द छानेर माथिको वाक्य पूरा गर।

(i) चाढपर्व

(ii) परम्परा

(iii) संस्कृति

(iv) चालचलन

(ङ) काठमाडौँतिर मादललाई के भनिन्छ?

(i) मगखी

(ii) मार्दलाह

(iii) माद्दला

(iv) मादला

(च) 'वीरहरू' निबन्धका निबन्धकार तलकामध्ये को हुन्?

(i) लीलबहादुर क्षत्री

(ii) लक्ष्मीप्रसाद देवकोटा

(iii) कृष्णप्रसाद ज्ञवाली

(iv) कृष्णप्रसाद पराजुली

(छ) धर्मानन्द पाध्ये कस्ता स्वभावका मान्छे थिए?

(i) रमाइला

(ii) रिसाहा

(iii) सुताहा

(iv) ठटेउला

(ज) 'मधु' कसको के हो?

(i) गुरूप्रसाद मैनालीको कथा

(ii) विक्रमवीर थापाको कथा

(iii) लीलबहादुर क्षत्रीको निबन्ध

(iv) इन्द्र सुन्दासको कथा

(झ) क्यानभासले बनेको पानी राख्ने थैलोलाई पल्टेन भाषामा के भनिन्छ?

(i) टमलेट

(ii) छागल

(iii) ट्रेगर

(iv) ढुङ्गो

(ञ) 'हुकी' भनेको के हो?

(i) शत्रु

(ii) मित्र

(iii) सिपाही

(iv) चोर

2. तलका कथन सत्य भए 'हो' र सत्य नभए 'होइन' लेखः 1 x 5 = 5

(क) 'आमा' कथा सन् १९६५ को भारत बाङ्गलादेशको युद्धमा आधारित छ।

(ख) ताख्खे नागाको आर्थिक अवस्थानिकै राम्रो थियो।

(ग) 'मादल' नेपालीको मात्र छुट्टै शब्द हो।

(घ) 'वर्षाविचार' कवितामा कृष्णलाई कालोबादल र राधिकालाई बिजुली परी भनिएको छ।

(ङ) 'नवयुवक' कविताका कवि माधवप्रसाद घिमिरे हुन्।

3. कोष्ठभित्र दिइएका सही शब्द छानेर रित्तो ठाउँ भर: 1 x 5 = 5

(क) डाँड़ाकाँड़ा वन चहुरमा _______ लागिरहेछ। (जून / घाम)

(ख) बोल्छन् यो वनमा _______ भुलेर उल्लासमा। (बाख्रा / चिडिया)

(ग) सबभन्दा पहिले हाम्रो भेष-भूषालाई लिएर _______। (बात / कुरा)

(घ) यसै त _______ शब्द नेपालीको मात्र छुट्टै शब्द होइन। (खुकुरी / मादल)

(ङ) बाहिर बिस्तार-बिस्तार _______ छाउँछ। (उज्यालो / अन्धकार)

SECTION – II

(*Marks* : 30)

4 तल दिइएका कुनै पाँचवटा प्रश्नहरूका पाँच / छः वाक्यमा उत्तर लेख: 3x5=15

(क) ''कमला, हिंड़ नत्र केही बेरपछि यहाँ दुश्मन आइपुग्ने छन्।'' यो कुन् कथाबाट लिइएको हो? कसले किन कमलालाई हिंड़ भनेको छ?

(ख) ''हामी नागाहरूले जातले पाएको वृत्ति किन छाड्ने?'' यस वाक्यमा किन वृत्ति (व्यवसाय) छाड्ने कुरा गरिएको छ?

(ग) 'मधु' को हो? उसले कसरी कथाकारलाई सतायो?

(घ) सभ्यता र संस्कृति के के हुन्?

(ङ) नेपाली संस्कृति कुनकुन संस्कृतिबाट प्रभावित छ?

(च) वर्षालाई कविले केकेसँग तुलना गरेका छन्?

(छ) मान्छे कसरी प्रकृतिविजयी बन्नसक्छ?

5. (क) मात्राहरू भनेको के हो? नाम लेख। 3

(ख) स्वरवर्णले के गर्छ? स्वरवर्ण केके हुन्। 3

(ग) शब्द भनेको के हो? दुइवटा विशेषण शब्द लेख। 3

(घ) वाक्य कसरी बन्दछ? कुनै दुइ वाक्य बनाऊ। 3

(ङ) तलका टुक्का लगाएर वाक्य बनाऊ : 1 x 3 = 3

(क) आँखा चिम्लनु

(ख) धैंटोमा घाम लाग्नु

(ग) श्रीगणेश गर्नु

(PART : B – DESCRIPTIVE)

(*Marks* : 50)

6. सप्रसँग व्यारव्या गर: 5 + 5 = 10

(क) पूरा मान्छे कसरि हुनु हो? टाकुरा यो नहाँके!
मानिसैमा प्रगति दिनको उच्चता बोलि डाके!

अथवा

हामी अझै यहाँ युद्धरत छौं
मौन युद्धहरू जीवनका
लड्दै बाँचेका छौं, बाँच्नलाई
मुटुमा युद्धकै हाहाकार छ।

(ख) कुनै पनि जातिको स्वभाव, बानी-बेहोरा, मन आत्मा, विचार वैचित्र्यको परिचय दिने त्यसै जातिका सांस्कृतिक उपकरणहरू हुन्।

अथवा

यस्तै दैव लाग्छ र पो छरछिमेकी खोज्नुपरेको, नत्र ओढ़ारमा गएर बसे पनि त भो नि; जहाँ पनि बस्नै त हो।

7. 'शिलाङ' अथवा 'वर्षाविचार' कविताको सारांश लेख। 5

8. तारव्खे को हो ? उसले के गरेर आफ्नो जीविका चलाउँथ्यो ? 5

अथवा

'आमा' कथामा कथाकारले आमाको मायालाई कसरी देखाएका छन् ?

9. मादल के हो ? यसले कसरी नेपाली संस्कृतिलाई संसारभरि चिनाएको छ ? 5

अथवा

वीरहरू कसको के हो ? वीरहरू कस्ता हुन्छन् ?

10. मिजौरम बस्ने साथीलाई शिलाङ घुम्न आउने विषय जनाउँदै पत्र लेख। 5

11. तलको अनुच्छेदको शीर्षक दिँदै सारांश लेख : 10

मानिसमा जतिजति चेतना प्रखर हुँदै जान्छ, शिक्षाले उसको विचारधारा परिष्कृत र परिमार्जित हुन जान्छ। कारण, हेतु र त्यसका परिणामलाई तर्कको आधार दिइन्छ र सबै नियम आकस्मिकता र अपर्झट वा विडम्बना भन्ने कुरोलाई शङ्कालु विचार लिएर हेर्छ। यस समय उसका कल्पना र अतिशय भावुकताको लगाम खुकुलो बन्छ। यसैले यस्ता परिस्थितिका अभिव्यक्तिले अतिशय भावुकता र कल्पनाको रङ्ग नचढ़ाएर गद्यात्मक शैलीमा विचारलाई अभिव्यक्ति गर्छ। काव्यको सौन्दर्य, मधुरता, वाक्यको रमणीय प्रयोग, लय, ताल र सुर र सङ्गीतले विचारका प्रवाह र अभिव्यञ्जनामा केही बाधा पुर् याउन जान्छ। युक्ति सङ्गत, तर्कपूर्ण विचारहरू कारणसहितको प्रस्ट र चट्ट खुल्ने गरी भन्न र बुझाउनका निम्ति अभिध हुन्छन्। त्यस्ता अभिव्यक्तिलाई प्रबन्धको संज्ञा दिइन्छ।

12. तल दिइएका मध्ये कुनै **एउटा** विषय छानेर निबन्ध लेख: 10

(क) मोबाइल फोन बरदान वा अभिशाप

(ख) स्वास्थ्य नै धन हो

(ग) पर्यावरण र यसको महत्व

(घ) जीवनमा खेलकूदको महत्व।

★★★

2020

NEPALI

(ELECTIVE)

Full Marks :100

Time : 3 hours

The figures in the margin indicate full marks for the questions.

General Instructions:

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part–A Objective Questions serially.

(iii) Attempt all parts of a question together at one place.

(PART : A–OBJECTIVE)

(*Marks* : 50)

SECTION–I

(*Marks* : 20)

1. तल दिइएका प्रश्नहरूका बहुविकल्पी उत्तरमध्ये सही उत्तर छानेर लेख : 1 x 10 = 10

(क) सन 1914 मा रचिएको सवाई तलकामध्ये कुन हो ?

(i) मनलहरी

(ii) आनन्द लहरी

(iii) मणिपुरको सवाई

(iv) प्रेमलहरी

(ख) 'बिर्सिएको संस्कृति' निबन्धका निबन्धकार को हुन्–

(i) एम॰ एम॰ गुरूङ

(ii) जगत छेत्री

(iii) बिष्णुराम राई

(iv) शिवकुमार राई

(ग) 'पिंजराको सुगा' कविताका रचयिता को हुन् ?

(i) सिद्धिचरण श्रेष्ठ

(ii) लुक्ष्मीप्रसाद देवकोटा

(iii) लेखनाथ पौड्याल

(iv) युद्धप्रसाद मिश्र

(घ) 'आज बाबुले भातै खान सक्नुभएन' यस वाक्यमा भात खान नसक्ने मान्छे को हो ?

(i) केशवदेव

(ii) ब्राह्मण

(iii) रने

(iv) वीरबहादुर

(ङ) ''बनन तिमी दयालु ____ यो खोलिदेऊ।'' तलको सही शब्द छानेर माथिको पङ्क्ति पूरा गर–

(i) थैली

(ii) पिंजरा

(iii) जाबि

(iv) चाबी

(च) ''बाबू! ओ देवताबाबू सुन्नुभएन ?'' माथिको वाक्यको वक्ता को हो ?

(i) वीरबहादुर

(ii) धनबहादुर

(iii) केशवदेव

(iv) पवित्रा

(छ) रनेले माछाको मोल कति रूपियाँ सेर भन्यो ?

(i) दश आना सेर

(ii) आठ आना सेर

(iii) दुई आना सेर

(iv) चार आना सेर

(ज) हाम्रो जीवनसित समानता हुने फूल कुन हो ?

(i) कमल

(ii) गुलाब

(iii) चमेली

(iv) सयपत्री

(झ) 'मानिस छैनन्' कविताका कवि को हुन् ?

(i) सिद्धिचरण श्रेष्ठ

(ii) लेखनाथ पौडयाल

(iii) लक्ष्मीप्रसाद देवकोटा

(iv) धरणीधर शर्मा

(ञ) सबैभन्दा लोकप्रिय थेगो कुन हो ?

(i) क्या नाम

(ii) क नाम

(iii) तपाईंको

(iv) धरोधर्म

2. कोष्ठमा दिइएको सही शब्द छानेर वाक्यमा रहेको रित्तो ठाउँ पूरा गर: 1 x 5 = 5

(क) के गरूँ कसरी उम्की जाउँ ________ मनको दर्द बिसाउँ॥ (कतैतिर / कोसित)

(ख) रने आफै नै ________ आत्मा भएको मानिस थियो। (आँटेको / प्रेतको)

HS/XI/A/n/**20**

(ग) आज सधैँभन्दा सबेरै ________ भित्र तबेलामा पुगेको थियो। (साने / काले)

(घ) नेपाली लोकसाहित्यमा ________ को प्रमुख स्थान छ। (कविता/ सवाई)

(ङ) एकादशीको दिनमा ________ नाच सकिन्छ। (लाखे/ मारूनी)

3. सत्य भनाइमा 'हो' र असत्य भनाइमा 'होइन' लेख : 1 x 5 = 5

(क) नेपाली लोकसाहित्यमा मारूनी नाचको प्रमुख स्थान छ।

(ख) जहाँ–जहाँ गोर्खाली / नेपालीहरू बसेका हुन्छन् त्यहाँ मखमलको माला गाँसेर घर सिंगार्छन्।

(ग) निर्झर कविताका कवि नरेन्द्रप्रसाद कुमाईं हुन्।

(घ) रने को बाबु एकजना ठुलो ब्यापारी थियो।

(ङ) गिठेले गोठमा कराएर गीत गाइरहेको थियो।

SECTION–II

(*Marks* : 30)

4. तलका कुनै पाँचवटा प्रश्नहरुको पाँच वा छः वाक्यमा उत्तर लेख : 3 x 5 = 15

(क) सबैभन्दा रमाइलो थेगो कुन हो ? किन ?

(ख) 'उद्‌वोधन (जाग–जाग)' कविताले किन 'लाज भो अरूहरू अधि जाने हामीहेरू रहने रइथाने' भनेको छ ? व्यारव्या गर।

(ग) पिंजराको सुगाले कसरी आफ्नों दुःख–दर्दको व्याख्या गरेको छ ?

(घ) वीरबहादुर कसरी शहीद भयो ?

(ङ) पवित्राले जीवनको सारा कमाइ लिएर के गरिन् ?

(च) मारूनी नाच के हो ? यो कसरी नाचिन्छ ?

5. (क) अनेकार्थक शब्द बनाऊ (दुइ–दुइवटा): 3
पिता, आँखा, जून।

(ख) विपरीत शब्द बनाऊ : 3
उकालो, खड़ेरी, किन्छ, जन्मनु, निषा बाक्लो।

(ग) तलका शब्दको सार शब्द लेखः 3

(i) जसले ईश्वर मान्दैन।

(ii) जसको उपमा छैन।

(iii) जसको कुनै सीमा छैन।

(घ) पर्यायवाची शब्द लेख (दुइ–दुइवटा): 3
भगवान, माता, पर्वत।

(ङ) तलका वाक्यमा शब्दको क्रम मिलाएर वाक्य पूरा गरः 3

(i) छ सयपत्री हाम्रो फूलको ठुलो जीवनमा समानता।

(ii) भारतीय हो पुरानो हिन्दु या नृत्यको इतिहास धेरै।

(iii) गराउँछ उत्पन्न पनि शङ्का गहिरो थेगोले यो समय कोई कोई।

(PART : B – DESCRIPTIVE)

(*Marks* : 50)

6. सप्रसङ्ग व्याखया गरः 6 + 6 = 12

(क) थेगो, बानी परेकोले एकोहोरो दोहोरिरहने बेकामे शब्द विशेष भए तापनि यसको अस्तित्वलाई हामी सितिमिति भुल्न सक्तैनौं।

अथवा

''मबुढी हुन थालिछु चाँडै थाक्छु, पानी ओसार्दा स्वाँ स्वाँ हुन्छ, राति जिउ कटकटी खान्छ। अब कक्रक्क परेर गुँडुलिएर बस्नुपर्ने भएछ......।''

(ख) कति फिर्दो हूँ कति उड्दो हूँ, कति कति देशान्तर डुल्दो हूँ।
दैव! हरे! किन बालकलाई, बन्धन पार्यौ व्यर्थ भुलाई॥

अथवा

बुद्धदेवको नजरअगाडि यही भिखारी आएथ्यो।
मूर्ति यसैमा, शब्द यिनैमा मुटुको शूल कराएथ्यो॥

7. 'उद्वोधन (जाग–जाग)' वा 'जाबीको चरा' कविताको सारांश लेख। 7

8. रने को हो? उसले जीवनमा केके सपना देखेको थियो? बुझाएर लेख। 7

अथवा

'टाँगन घोड़ा' कथामा सयस कालेले आफ्नो घोड़ाप्रति देखाएको प्रेमको वर्णन गर।

9. प्लास्टिक्को प्रयोगले हाम्रो जीवनमा धेरै असर पारेको छ भन्ने विषय बताउँदै आफ्नो मित्रलाई चिठी लेख। 5

10. तल दिइएका कुनै एउटा विषय छानेर 150 शब्दभित्र निबन्ध लेखः 10

(क) मानिसको जीवनमा मोबाइलको महत्व।

(ख) स्वास्थ्य नै धन हो।

(ग) समाचारपत्र

(घ) देशप्रेम

(ङ) कुनै रमाइलो दिन।

11. तलको अनुच्छेद पढ़ेर उचित शीर्षक दिंदै सारांश लेखः 9

कुनै पनि शिशु जन्मदा केवल रून मात्र जानेको हुन्छ। हाँस्दै र गाउँदै जन्मेका शिशु कमै हो लान्। यस संसारमा आउँदा मानव एक निरिह प्राणीको रूपमा जन्मन्छ। जसलाई बोल्न, खान हिड्न सबै आमाले विस्तारै सिकाउनुपर्छ। मान्छे को विहे भएपछि सांसारिक जञ्जालमा फस्छ। तर यस्तो जञ्जालले उसको जीवनमा कोही वैज्ञानिक, कोही डाकटर, कोही साहित्यकार अनि कोही कलाकार आदि बन्न सहयोग पुराउँछ। हामी आदिम मानवका सन्ताहरू एक निरिह प्राणीका रूपमा रूँ दै–कहालिंदै जन्मनु परे तापनि आफ्नो कर्मको प्रभावले मानवदेखि महान–मानवसम्मको सम्मान आर्जन गरेर आफ्नो चिनारी संसारलाई दिन सक्छौं। चिनारीको सिलसिलामा मन्छिेको जीवनकालभरि जारि रहेको देखिन्छ। जन्मेर केही दिन पछि पहिले आमालाई त्यसपछि विस्तोरे परिवारका सदस्यहरू अनिमात्र अन्य जनहरूलाई चिन्दै जान्छ। यस्तै प्रकारले मानिस भाषा, साहित्य अनि संस्कृतिप्रति आकर्षित हुँदै जान्छ।

★★★